आज मिति २०७४ भाद्र ११ गतेका दिन अपिहिमाल गाउँपालिकाका अध्यक्ष श्री धर्मानन्द सिंह मन्याल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितीमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

श्री धर्मानन्द सिंह मन्याल- अध्यक्ष
श्री उर्मिला बोहरा- उपाध्यक्ष
श्री धन सिंह जागरी- वडा अध्यक्ष- वडा नं. १
श्री मान सिंह धामी- अध्यक्ष- वडा नं. २
श्री समुद्र सिंह कार्की- अध्यक्ष- वडा नं.
श्री रबिन्द्र सिंह बोहरा- अध्यक्ष- वडा नं. ४
श्री दिलिप सिंह धामी- अध्यक्ष- वडा नं. ५
श्री गाम धामी- अध्यक्ष- वडा नं. ६
श्री रुकमती जागरी- कार्यपालिका सदस्य
श्री शान्ती धामी- कार्यपालिका सदस्य
श्री बिरमा कामी- कार्यपालिका सदस्य
श्री उदै सिंह बुढाथोकी- कार्यपालिका सदस्य
श्री अम्मर कामी- कार्यपालिका सदस्य
श्री भुरी धामी- कार्यपालिका सदस्य
श्री जय सिंह धामी- सदस्य-सचिव

**आमन्त्रीत**

श्री संजीव अवस्थी- ना.सु.
श्री लक्षमण सिंह धामी- ना.सु.
श्री केशब दत्त जोशी- श्रोत ब्यक्ती
श्री कृष्ण बि.क.- वडा सचिव
श्री हिमाल डगौरा- वडा सचिव
श्री सुरेन्द्र बोहरा- वडा सचिव
श्री धनपती लोथ्याल- कार्यालय सहायक
श्री कलसी धामी- सामाजिक परिचालक

**निर्णय नं. १ :** अपिहिमाल गाउँपालिकाको कार्यालय संचालन गर्न श्री खण्डेश्वरी मा.वि. क्षेत्ती, दार्चुलाको २ वटा भवनहरु मर्मत सुधार गरी कार्यालय संचालन गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. २ :** अपिहिमाल गाउँ पालिकाको Webside निर्माण गर्न प्रकृया पुरागरी Webside निर्माण गर्न गाउपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ :** अपिहिमाल गाउँपालिकाका ना.सु श्री संजीव अवस्थीलाई गाउँपालिकाको सूचना अधिकारी तोक्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ४ :** अपिहिमाल गाउँपालिकाका कार्यकारी अधिकृत श्री जय सिंह धामीलाई गाउँपालिकाको गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ५ :** वडा स्तरीय पार्श्व चित्र र गाउपालिकाको पार्श्व चित्र तयार गर्न गाउँपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ६ :** अपिहिमाल गाउँपालिकामा मदिरा नियन्त्रण गर्न सरोकारवाला र वडा समितिको समेत राय संकलन गरी आगामी गाउँ सभमा पेश गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. ७ :** अपिहिमाल गाउँपालिकामा टेलीफोन नेटवर्क कमजोर भएकोले उक्त टेलीफोन टावरको क्षमता विकास गर्न नेपाल टेलीकमलाई अनुरोध गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. ८ :** अपिहिमाल गाउँपालिकाको वार्षिक खरिद योजना तयार गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| कार्यकारी अधिकृत- | संयोजक |
| आर्थिक शाखा प्रमुख- | सदस्य |
| जिन्सि शाखा प्रमुख- | सदस्य-सचिव |
| प्राबिधिक शाखा प्रमुख- | सदस्य |

**निर्णय नं. ९ :** २०७४ भाद्र २३ र २४ गते वडा समितिहरुका लागि कार्यबिधी सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

**निर्णय नं. १० :** अपिहिमाल गाउँपालिका अन्तर्गत अन्य विभिन्न कार्य संचालनका कार्यबिधी तयार गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** अपिहिमाल गाउँपालिकामा शान्ती सुरक्षा तथा अमन चयन कायम गर्न र स्थानीय कर निर्धारण सम्बन्धी परामर्श समन्वयकारी भुमीका निर्वाह गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

श्री धन सिंह जागरी

श्री रबिन्द्र सिंह बोहरा

श्री समुद्र सिंह कार्की

श्री अम्मर कामी

निर्णय नं. १२ : अपिहिमाल गाउँपालिकाको केन्द्र निर्धारण गर्न तपसिल बोजिमको परामर्श कार्यदल निर्धारण गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

तपसिल :

| | |
|---|---|
| गाउँपालिकाका उपाध्यक्ष- | संयोजक |
| वडा अध्यक्षहरु- | सदस्य |
| गाउँपालिकाको प्राबिधिक शाखा प्रमुख- | सदस्य |
| स्थानीय उद्योग वाणिज्यको आधिकारिक प्रतिनिधी- | सदस्य |
| राजनैतिक दलका प्रमुख वा प्रतिनिधी- | सदस्य |

आवश्यक्ता अनुसार सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिने छ ।